# जुनीचाँदे राजपत्र

## जुनीचाँदे गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ५) मजकोट, जाजरकोट वैशाख १ गते, २०७८ साल (संख्या ४१

## जुनीचाँदे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानद्धारा प्रद्धत अधिकारको प्रयोग गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ बमोजिम जुनीचाँदे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले बनाएको तल लेखिए बमोजिमका कानूनहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग ४

संवत् २०७८ सालको कार्यविधि नं १

जुनीचाँदे गाउँपालिका कर्मचारी प्रोत्साहन सम्वन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः**

मुलुक संङ्घीयतामा गएसंगै देशको संरचना संघ, प्रदेश र स्थानीय तह हुँदा विगतको तुलनामा बजेटको आकार बढे सँगै विकासका ढोकाहरु खुलेका छन । यस्तै स्थानीय तहमा २० बर्ष पछि चुनाव भएर निर्वाचित गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्य लगायत जनप्रतिनिधिको आगमन हुँदा नागरिकमा शासन प्रति आशा र विकास प्रति भरोसा बढेको छ । यसरी जनप्रतिनिधिको आगमन र जोश जाँगर, बजेटको आकार बढेर जानु र संविधान कार्यान्यनको चरणमा रहनुले बिकास सुशासन र कानुनी शासनमा टेवा पुग्ने नागरिकको विश्वास चुलिएको पाईन्छ ।

संङ्घीय संरचना कार्यान्वयनको चरणमा रहेता पनि कर्मचारी व्यवस्थापन सवल रहँदा स्थानीय तहमा कर्मचारी अभाव हुनु राष्ट्रिय स्तरकै एक प्रमुख विषय बन्न पुगेको छ । यसले गर्दा स्थानीय तहमा खटिएका कर्मचारी रात दिन र सार्वजनिक विदा नभनी अहोरात्र खट्नु परेको छ । यसै सवालमा जाजरकोट जिल्ला जुनीचाँदे गाउँपालिका अन्तर्गत खटिएका कर्मचारीका पनि पीर मर्का र दुखेसो छन । यस्ता दुःख हरुका बाबजुद पनि यहाँका कर्मचारीहरुले सेवा प्रवाहलाई छिटो छरीतो चुस्त, पारदर्शी, प्रभावकारी र गुणस्तरीय बनाउन कम्मर कसेर लागि परेका छन । कर्मचारीको अथक प्रयास रहेता पनि पर्याप्त कर्मचारी नहुँदा दोहोरो जिम्मेवारी बहन गर्नुपर्ने

जुनीचाँदे गाउँपालिका मजकोट जाजरकोट

भौगोलिक विकटता र यातायातको असुविधा रहनु असहज बसाई, बजेटको आकार ठुलो भएपनि सानो रकमका धेरै योजना र कार्यक्रमहरु बन्नाले कर्मचारीले दैनिक १२ घण्टा काममा खट्नुपर्ने बाध्यता छ । स्थानीय सेवामा समायोजन एवम स्थानीय सेवामा स्थायी नियुक्ति भई खटिएका कर्मचारीहरुको यी जोस जाँगर र परिश्रमलाई कायम गरिराख्न राज्यले दिएको सुविधाका अतिरिक्त थप प्रोत्साहन सुविधा दिन सके पक्कै पनि कर्मचारीहरुले जुनीचाँदेको उन्नती प्रगती दोहोरो अंकको आर्थिक विकास सुशासन र समावेशिताको क्षेत्रको व्यवहारमा देखिने गरि द्रुत गतिमा काम गर्नेछन भन्ने अठोट रहेको छ ।

यसरी विभिन्न कठिनाईका बाबजुद पनि अहोरात्र काममा खटिने कर्मचारीहरुको जोश जाँगरलाई यथावत राख्न सके गाउँपालिकाको सामाजिक आर्थिक साँस्कृतिक र मानवीय विकासमा मद्दत पुग्ने कुरालाई मध्यनजर गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी जुनीचाँदे गाउँपालिकाले कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७७ तयार गरी जारी गरेको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम जुनीचाँदे गाउँपालिका कर्मचारी प्रोत्साहन सम्वन्धी कार्यविधि, २०७७ रहेको छ ।

ख) यो कार्यविधि वि.स. २०७८ बैशाख १ देखि लागु हुनेछ ।

२. **परिभाषा**

विषय वा प्रसङगले अर्को अर्थ नलागेमाः

क) कर्मचारी भन्नाले गाउँपालिका र वडा कार्यालयमा कार्यरत गाउँपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी कर्मचारीलाई बुझिनेछ ।

ख) गाउँपालिका भन्नाले जुनीचाँदे गाउँपालिकालाई बुझाउनेछ ।

ग) वडा भन्नाले गाउँपालिकाका ११ वटै वडा कार्यालयलाई बुझाउनेछ ।

घ) अध्यक्ष भन्नाले गाउँपालिका अध्यक्षलाई सो शव्दले कार्यवाहक अध्यक्ष समेतलाई बुझाउनेछ ।

ङ) उपाध्यक्ष भन्नाले गाउँपालिका उपाध्यक्षलाई बुझाउनेछ ।

च) वडा अध्यक्ष भन्नाले गाउँपालिकाका ११ वटै वडाका वडा अध्यक्षलाई बुझाउनेछ ।

छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले जुनीचाँदे गाउँपालिकाको कार्यकारी अधिकृतलाई बुझाउनेछ ।

जुनीचाँदे गाउँपालिका मजकोट जाजरकोट

ज) भत्ता भन्नाले कर्मचारी प्रोत्साहन भत्ता भन्ने बुझिनेछ ।

परिच्छेद-२

३. **कर्मचारी प्रोत्साहन भत्ता पाउने :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाले कर्मचारीहरुको मनोवल उच्च बनाई राख्न कार्यप्रकृति, कार्यबोझ एवम् दायित्वका आधारमा तपशिल बमोजिमका कर्मचारहरुलाई अनुसुची-१ बमोजिमको प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

क) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकामा समायोजन भएका कर्मचारीहरु,

ख) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय सेवाको विज्ञापनमा स्थायी नियुक्त भएका कर्मचारीहरु,

ग) गाउँपालिकामा स्थायी सेवामा कार्यरत अन्य कर्मचारीहरु,

घ) दफा ३ को उपदफा (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएतापनि कर्मचारीको कार्यसम्पादन सन्तोषजनक नभएको खण्डमा प्रमुख प्रशासकीय अधिकृतले उक्त प्रोत्साहन भत्ता कटौती गर्न सक्नेछ ।

**४. कर्मचारी प्रोत्साहन भत्ता नपाउने :**

क) गाउँपालिकामा कार्यरत करार कर्मचारी,

ख) गाउँपालिकामा कार्यरत दैनिक ज्यालादारी कर्मचारी,

ग) सेवाकालीन वा क्षमता विकास सम्बन्धी तालिममा लगातार १५ दिन भन्दा बढी सहभागी भएमा ।

घ) दफा ४ को उपदफा (क) मा जुनसुकै कुरा लेखेको भएपनि प्राविधिक तर्फका करार कर्मचारीलाई समेत प्राविधिक कर्मचारी सरह भत्ता पाउने छन ।

**५.भुक्तानीको स्रोतः** कर्मचारीलाई गाउँसभाले तोकेको शीर्षकबाट भत्ता वितरण गरिनेछ । भत्ता उपलब्ध गराएपछि बाँकी रहेमा मात्र आन्तरिक श्रोत को रकम अन्य क्षेत्रमा खर्च गरिने छ । आन्तरिक श्रोत बाट भत्ता अपुग भएमा मात्र नेपाल सरकारको वित्तीय समानीकरण अनुदानबाट उपलब्ध गराइनेछ ।

६.**सुरक्षा र बचाउः** यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुले यस अघि लिएको प्रोत्साहन भत्ता यसै कार्यविधि बमोजिम लिएको मानिनेछ ।

अनुसुची-१

| क.स | सेवा | समुह | तह | गा.पा. मा कार्यरत | वडा कार्यालयमा |
|---|---|---|---|---|---|

| | | | | कर्मचारीलले पाउने रकम | कार्यरत कर्मचारीले पाउने रकम |
|---|---|---|---|---|---|
| १ | प्रशासन | प्रशासन | छैटौं/सातौं | १५००० | १२००० |
| | | | पाचौं / चौथों | १०००० | ८००० |
| | | | श्रेणी विहिन | ५००० | ३००० |
| २ | प्रशासन | लेखा | छैटौं/सातौं | १६००० | १०००० |
| | | | पाचौं/चौथो | १५००० | ७००० |
| ३ | इन्जिनियरिङ | सिभिल | छैटौं/सातौं | १५००० | |
| | | | पाँचौं/ चौथो | १०००० | |
| ४ | शिक्षा | शिक्षा | छैटौं/सातौं | १५००० | |
| | | | पाचौं/ चौथो | १०००० | |
| ५ | स्वास्थ | स्वास्थ्य | छैटौं/सातौं | १५००० | १२००० |
| | | | पाचौं/चौथो | १०००० | ८००० |
| | | | श्रेणी विहिन | ५००० | ३००० |
| ६ | कृषि/भेटेरीनेरी | | छैटौं/सातौं | १५००० | |
| | | | पाचौं/चौथो | १०००० | |
| ७ | विविध | | छैटौं/सातौं | १५००० | |
| | | | पाचौं/चौथो | १०००० | |

द्रव्यष्टः आर्थिक प्रशासन शाखामा सहायकको रुपमा प्रशासन सेवा लेखा समूह बाहेकको अन्य सेवा समुहको कर्मचारीलाई कार्यपालिकाको निर्णय अनुसार कामकाज गर्न तोकेमा थप रु. ५,०००। प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

चैत्र १२, २०७७ मा बसेको गाउँ कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

आज्ञाले
दिपक कुमार शाही
प्रमुख प्रशासकीय अधिकृत

जुनीचाँदे गाउँपालिका मजकोट जाजरकोट